पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा महाशाखा
ड्याम साईड, कास्की

फोन नं. ५२१४६०, ५२०३९२ कार्यालय सोधपुछ
फ्याक्स: ५२०६००
इमेल:info@pokharalekhnathmun.gov.np
वेबसाइट: www.pokharalekhnathmun.gov.np
शिक्षा महाशाखा ०६१: ४६८०४३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:०७९/०८०
च.नं: ११९

मिति: २०७९/०५/०६

**विषय :प्रथम त्रैमासिक मागफाराम पेश गर्ने सम्बन्धमा ।**

**श्री सवै सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरु**

**पोखरा महानगरपालिका वडा नं. १ देखि ३३ कास्की ।**

**प्रस्तुत विषयमा पोखरा महानगरपालिका स्थित सवै सामूदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुले तपसिल वमोजिमका कागजातहरु संलग्न राखि २०७९साल भाद्र २० गते सम्ममा यस महाशाखामा आइपुग्ने गरि आ.व.२०७९।८०को प्रथम त्रैमासिक मागफाराम पेश गर्नुहुन सुचित गरिन्छ ।**

<u>तपशिल</u>

१) आ.व.२०७८।७९मा निकाशा भएका सवै अनुदान शिर्षकहरुको आय व्यय विवरण खर्चको फाँटवारी र यस अघिका त्रैमासिकमा माग गरिएका भरपाई विवरण पेश नभएको भए सो समेतका कागजातहरु ।

२) आ.व.२०७८।७९को चौथो त्रैमासिक अवधिसम्ममा निकाशा भएको रकमको तलव वितरण भरपाई, क.सं.कोष, सावधिक विमा र कर दाखिला भौचरको प्रतिलिपीहरु ।

३) त्रैमासिक मागफाराम (श्रावण भाद्र आश्विन र चाडपर्व) पेश गर्दा मा.वि.तह, आधारभूत तह, विद्यालय कर्मचारी तथा स.का.को अलग अलग तयार गरि सम्वन्धित शिक्षा अधिकृतबाट प्रमाणित गराइ पेश गर्नुपर्ने ।

४) अनुदान कोटा अन्तर्गतको रकम निकाशा माग गर्दा शिक्षकको नियुक्ति पत्र र नियुक्तिको समर्थन पत्र को मिति खुल्नेगरि छुट्टै मागफाराम पेश गर्नु पर्नेछ साथै गत आ.व.मा निकाशा भएको रकमको भरपाई अनिवार्य पेश गर्नुपर्नेछ । हाल कार्यक्रम निर्देशिका प्राप्त भै नसकेकोले निर्देशिका प्राप्त भएपछि मात्र रकम निकाशा हुनेछ ।

५) मागफाराम भर्दा शिक्षक/कर्मचारीको नियुक्ति मिति र तह अनिवार्य उल्लेख गर्नु पर्नेछ । सरुवा, रमाना, नयाँ नियुक्ति तथा अवकास भएका (गत त्रैमासिक अवधिको समेत ~~समेत~~) शिक्षक तथा कर्मचारीहरुको तत् व्यहोरा प्रमाणित गर्ने कागजातहरु मागफाराममा संलग्न गर्नुपर्नेछ ।

६) कुनै कारणले गत त्रैमासिकमा कुनै शिक्षक तथा कर्मचारीको रकम घटि,वढी वा छुट हुन गएको भए सो लाई प्रमाणित गर्ने कागजात संलग्न राखि माग फारामको सम्वन्धित तहको अन्त्यमा समावेश गरि रकम थप घट सम्वन्धी व्यहोरा उल्लेख गरि माग गर्नुपर्ने ।

७) सरुवा भइ आएका र गएका तथा अवकास भएका शिक्षकहरुको तलव माग गर्दा रमाना पत्र तथा अवकास पत्रमा उल्लेखित विवरण अनुसार माग गर्नु पर्नेमा । उल्लेखित पत्र र मागफरामको विवरण फरक परेमा निकाशा नहुने हुँदा विवरण फरक नपर्ने गरि भिडाइ पेश गर्नुहुन ।

८) मिति २०७९।०४।०१ गतेबाट कायम हुने नयाँ तलव स्केल यसैसाथ संलग्न राखिएको ले सो अनुसार फरक नपर्ने गरि माग फाराम पेश गर्नुहुन ।

निर्देशक
शिक्षा महाशाखा

## २०७९ साउन १ गतेदेखि लागु हुने तलबमान

अनुसूची ७

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

| क्र.सं. | पद/श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | कायम जम्मा |
|---|---|---|---|---|---|
| | माध्यामिक | | | | |
| १ | माध्यामिक (प्रथम श्रेणी) | ५६,७८७ | ६ | १८९३ | ६८,१४५ |
| २ | माध्यामिक (द्वितीय श्रेणी) | ४८,७३७ | ८ | १६२५ | ६१,७३७ |
| ३ | माध्यामिक (तृतीय श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| | निम्न माध्यामिक | | | | - |
| ४ | निम्न माध्यामिक (प्रथम श्रेणी) | ४५,८६२ | ८ | १५२९ | ५८,०९४ |
| ५ | निम्न माध्यामिक (द्वितीय श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| ६ | निम्न माध्यामिक (तृतीय श्रेणी) | ३४,७३० | ८ | ११५८ | ४३,९९४ |
| | प्राथमिक | | | | - |
| ७ | एस.एल.सी.उत्तीर्ण (प्रथम श्रेणी) | ४३,६८९ | ८ | १४५६ | ५५,३३७ |
| ८ | एस.एल.सी.उत्तीर्ण (द्वितीय श्रेणी) | ३४,७३० | ८ | ११५८ | ४३,९९४ |
| ९ | एस.एल.सी.उत्तीर्ण (तृतीय श्रेणी) | ३२,९०२ | ६ | १०९७ | ३९,४८४ |
| १० | दुई विषयसम्म एस.एल.सी. अनुत्तीर्ण | २७,६१२ | ६ | ९२० | ३३,१३२ |
| ११ | दुई विषयभन्दा बढी एस.एल.सी. अनुत्तीर्ण | २६,०८२ | ६ | ८६९ | ३१,२९६ |

सचिव (राजस्व)

शिक्षा अधिकृत